बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

गजुरी, धादिङ

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०१/०५

चालु आ. व. २०८१/०८२ मा यस कार्यालयको वार्षिक तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्ने गरी वजेट स्वीकृत भएको हुँदा "शिक्षक दरबन्दी कम भएका सामुदायिक माध्यमिक विद्यालयहरुलाई कक्षा सञ्चालनका लागि डिजिटल सामग्री सहयोग सम्बन्धी कार्यविधि, २०८१" बमोजिम आवश्यक कागजातहरु सहित आवेदन तथा प्रस्ताव पत्र सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८२ वैशाख १९ गते भित्र) यस कार्यालयमा पेश गर्न रसुवा, नुवाकोट र धादिङ जिल्लाका इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रमको नाम | क. प्रस्ताव पेश गर्ने विद्यालयहरुले पुरा गर्नु पर्ने शर्तहरु |
|---|---|
| शिक्षक दरबन्दी कम भएका सामुदायिक माध्यमिक विद्यालयहरुलाई कक्षा सञ्चालनका लागि डिजिटल सामग्री सहयोग कार्यक्रम | १. प्रचलित शिक्षा ऐन तथा नियमावली र मापदण्ड बमोजिम न्यूनतम शिक्षक दरवन्दी नपुगेको सामुदायिक विद्यालय हुनुपर्नेछ ।<br>२. सामुदायिक माध्यमिक विद्यालयमा कम्तिमा कक्षा ९ सम्मको अनुमति लिइ कक्षा सञ्चालन भएको हुनुपर्नेछ ।<br>३. सामग्रीको व्यवस्थापन तथा अध्ययनका लागि कम्तिमा एउटा छुट्टै कक्षाकोठा हुनुपर्नेछ ।<br>४. विद्यालयमा विद्युत वा वैकल्पिक उर्जाको व्यवस्था भएको हुनुपर्नेछ ।<br><br>ख. प्रस्तावनाका साथ पेश गर्नु पर्ने कागजातहरु<br>१. कार्यक्रम प्रस्तावना पत्र<br>२. कक्षा ..... सम्मको अनुमति पत्रको प्रतिलिपि<br>३. शैक्षिक सत्र २०८१ को कक्षागत विद्यार्थी संख्या खुलेको EMIS बाट प्रिन्ट गरेको प्रमाणित प्रतिलिपि<br>४. तहगत रुपमा दरबन्दी (स्वीकृत दरबन्दी र राहत) विवरण खुलेको स्थानीय तहले सिफारिस<br>५. कार्यक्रम माग सम्बन्धी वि. व्य. स. को निर्णय प्रतिलिपि<br>६. कार्यक्रम सञ्चालन सम्बन्धि र विद्यालय व्यवस्थापन समितिको म्याद कायम रहेको सम्वन्धित स्थानीय तहको शिक्षा शाखाको सिफारिस पत्र<br>७. यस कार्यक्रमका लागि अन्य कुनै निकायबाट अनुदान नलिएको विद्यालयको स्वःघोषणा पत्र<br>८. विद्यालयमा विद्युत व्यवस्था भएको यकिन पत्र वा विद्यालयको नाममा जारी विद्युत महशुल बीलको प्रतिलिपि<br>९. डिजिटल सामग्री व्यवस्थापन र कक्षा सञ्चालनका लागि एउटा छुट्टै कक्षाकोठा भएको/व्यवस्था गर्न सकिने विद्यालयको पत्र |

स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

सम्वन्धित कार्यविधि, कार्यक्रम प्रस्तावको ढाँचा लगायत जानकारीको लागि यस कार्यालयको वेबसाइट http://www.sdodhading.bagamati.gov.np मा हेर्न सकिनेछ ।

०८२/०१/०५